# सिन्धुपाल्चोक जिल्ला अदालत

चौतारा, सिन्धुपाल्चोक

**सूचना**

मिति २०७८/१०/१६

कोरोना भाईरस (कोभिड १९) को नयाँ भेरियन्ट ओमिक्रोन लगायतका विभिन्न भेरियन्टको कारण सृजित विषम् परिस्थितीको कारण माननीय न्यायाधीश र कर्मचारी समेतमा संक्रमण देखिएको सन्दर्भमा सेवाग्राही, अदालतमा कार्यरत जनशक्ति र कानून व्यवसायी एवं अदालतमा आउने अन्य सरोकारवालाहरुमा कोभिड संक्रमण जोखिम न्यूनिकरण गर्न अत्यावश्यक देखिएको र सम्मानित सर्वोच्च अदालतको मिति २०७८/१०/०४ को पूर्ण बैठकको निर्णयबाट स्थानीय परिस्थिती एवं जोखिमको अवस्था तथा संक्रमित भएको अवस्थासमेतको मूल्याङ्कनको आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धीत अदालतले मिलाउने भनी निर्देशन समेत प्राप्त भएको एबं जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला बार ईकाइका पदाधिकारीहरु सँगको छलफलबाट प्राप्त सुझाव समेतलाई मध्यनजर गरी यस अदालतको मिति २०७८/१०/०५ गतेको सूचनालाई निरन्तरता दिँदै आज मिति २०७८/१०/१६ गतेको पूर्ण बैठकबाट मिति २०७८/१०/१६ देखि मिति २०७८/१०/१८ गतेसम्म देहाय बमोजिमका सेवा मात्र प्रवाह हुने गरी सेवा संकुचन गर्ने समेतका निर्णयहरु भएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः-**

**(क) सेवा प्रवाह सम्बन्धमा :**

१. अभियुक्तलाई अनुसन्धानको लागि हिरासतमा राख्न अनुमित दिने (म्याद थप), पक्राउ पुर्जि जारी गर्न अनुमति, कल डिटेल अनुमति र जरुरी पक्राउ पुर्जिको समर्थन सम्बन्धी कार्यहरु,
२. थुनुवा प्रतिवादी भएका मुद्दाको पेशी र सुनुवाई,
३. अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, थुनछेक
४. प्रहरीद्वारा पक्राउ परि आएका फरार प्रतिवादीको बयान तथा थुनछेक सम्बन्धी कार्य,
५. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन,
६. मुद्दा फिर्ता, मिलापत्र, डिसमिस सम्बन्धी काम कारवाही,
७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन,
८. थुनुवा निवेदक भएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनहरु,
९. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धीत निवेदन,
१०. सम्पत्ति रोक्का सम्बन्धी निवेदन,
११. घरेलु हिंसा सम्बन्धी मुद्दामा अन्तरीम संरक्षणात्मक आदेश माग भएका निवेदनको सुनुवाई,
१२. फैसला कार्यान्वयनसँग सम्बन्धित थुनुवा/कैदीका निवेदन र सुनुबाई,
१३. अधिकृत वारेसनामा, दर्ताद्वारा विवाह सम्बन्धी निवेदन, मृत्युको न्यायिक घोषणा सम्बन्धी निवेदन

**(ख)** मुद्दा/निवेदन दर्ता गर्ने सम्बन्धमा अत्यावश्यक भएमा मात्र अदालतमा उपस्थित भई सेवा लिने र अन्य तारेख दिने लगायतका कामकारवाही जनस्वास्थ्यका निर्धारित मापदण्ड अनुसार सामाजिक दुरी कायम गर्ने, भिडभाड हुन नदिने लगायतका कुराहरुको पूर्ण परिपालना हुने गरी सञ्चालन गर्न अदालत प्रशासनले आवश्यक व्यवस्था मिलाउने छ ।

**(ग)** संक्रमण दर घट्दै गए सेवा सुचारु गर्न सकिने अवस्था भएमा पुनर्विचार गरी सूचना गरिनेछ ।